# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, साउन १३ गते, २०७६ साल (संख्या १८

## भाग ३

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

### क्यासिनो (चौथो संशोधन) नियमावली,, २०७६

क्यासिनो नियमावली, २०७० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "क्यासिनो (चौथो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>क्यासिनो नियमावली, २०७० को नियम ६ मा संशोधन</u>** : क्यासिनो नियमावली, २०७० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को खण्ड (ङ) मा रहेका "पाँच किलोमिटर" भन्ने शब्दहरूको सट्टा "तीन किलोमिटर" भन्ने शब्दहरू राखिएका छन् ।

३. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९ को उपनयिम (१) मा रहेका "पाँच लाख" र "दुई लाख" भन्ने शब्दहरूको सट्टा क्रमशः "दश लाख" र "पाँच लाख" भन्ने शब्दहरू राखिएका छन् ।

४. **<u>मूल नियमावलीको नियम १० मा संशोधन</u>** : मूल नियमावलीको नियम १० मा रहेका "दुई करोड" भन्ने शब्दहरूको सट्टा "दुई करोड पचास लाख" भन्ने शब्दहरू राखिएका छन् ।

**आज्ञाले,**
**मोहनकृष्ण सापकोटा**
**नेपाल सरकारको सचिव**